# विद्यार्थी र परिवारका लागि उपयोगी मोबाइल फोन अनुप्रयोग (याप) हरू

- **Google Translate-** शब्द र आवाज अनुवाद गर्ने याप, ३८ भाषाहरूमा उपलब्ध छन्। फोनको सन्देश अनुवाद गर्न सकिने। फोनको क्यामेराले कागजात स्क्यान गरि अनुवाद गर्न सकिने। (नोटः कम्प्युटर अनुवादले गल्ती गर्न सक्छ।)

- **Word Reference-** शब्दकोश अनुवाद गर्ने याप। अंग्रेजी–स्पेनिश र स्पेनिश–अंग्रेजी अनुवाद क्षमता समावेश भएको।

- **DuoLingo-** अन्तर्क्रियात्मक गतिविधिहरूको विस्तृत विविधता समावेश भएको निः शुल्क भाषा सिकाउने याप। प्रशिक्षार्थीहरूले आफ्नो भाषामा निर्देशनहरू छनौट गर्न सक्ने। स्पेनिश भाषा उपलब्ध भएको।

- **Hello English-** हिंदी, अरबिक, पोर्तुगिस, नेपाली, र अन्य विभिन्न भाषाहरूबाट अंग्रेजी बोल्ने, पढ्ने र लेख्ने सीप सिकाउँने याप। स्पेनिशमा उपलब्ध छैन।

- **DOL Timesheet-** डिजिटल टाइमशीट जुन विद्यार्थीहरूले आफुले गरेको कामको घण्टा ट्र्याक राख्न प्रयोग गर्न सक्दछन् ताकि उनीहरूले निश्चित भुक्तानीको रकम पाइरहेका छन् भन्ने सुनिश्चित हुन सक्दछन। (नोटः यस यापले ४० घण्टा भन्दा बढी काम गरेमा ओभरटाइमको भुक्तान थप गर्दछ। जब कि न्यूयोर्क राज्यमा फार्म कर्मीहरूको लागि ओभरटाइम तलब ६० घण्टा काम गरे पछि सुरु हुनेछ।)

- **OSHA-NIOSH Heat Safety Tool-** वास्तविक समयमा हरेक घण्टाको तापक्रम सूचकांक पूर्वानुमान गर्दछ जसले बाहिर काम गर्ने मजदुरहरूले सुरक्षित रहन र गर्मीबाट बिरामी हुन रोकथाम गर्न सक्दछ।

- **Facebook-** सामाजिक मिडिया याप जसमा मेसेन्जरको पनि क्षमता सामेल छ।

- **WhatsApp-** विद्यार्थी र परिवारहरूले डाटा मार्फत वा वाइ–फाइमा जडान भएको बेला निः शुल्क मेसेज र फोन गर्न सक्ने याप। विद्यार्थी र परिवारका लागि आप्रवासी शिक्षाकर्ताहरूसँग सम्पर्कमा रहनको लागि एक उत्तम याप।

- **QR Scanner-** प्रयोगकर्ताले QR कोड स्क्यान गर्न सक्ने याप। याप डाउनलोड गरे पछि, प्रयोगकर्ताहरूले सेल फोनमा QR कोड डाउनलोड गर्न सक्दछन्। (नोटः केही आप्रवासी शिक्षकहरूले संसाधनहरूको पृष्ठ सिर्जना गर्न "प्याडलेट" प्रोग्राम प्रयोग गर्छन्। QR स्क्यानरले मोबाईल फोनबाट यो खोल्न सजिलो बनाउँदछ।)

- **Uber-** विद्यार्थी र परिवारहरूले सवारी सेवा (ट्याक्सी) बोलाउन यो याप प्रयोग गर्न सक्दछन्। यो उनीहरूको लागि उपयोगी छ जो आफ्नो फोनमा कुरा गर्नको सट्टा, टाइप गर्न रुचाउँछन्।